Govt. Regd. No.: 451/2016 CDO, Kathmandu

हरियाली रक्षक

GREEN GUARD

Complimentary for School Children

वर्ष-२, अंक-४

Sept/Oct 2016


पृष्ठ : ८

बेइजीङ्देखि अफ्रिकासम्म कोइली चरीको साहसिक यात्रा

काठमाण्डौं शहरमा चितुवा


पृष्ठ : ४

प्राकृतिक विज्ञान संग्राहलय पृष्ठ : ७

चितुवासँग लाप्पा पृष्ठ : १२

वन्यजन्तु अपराधमा हुने दण्ड सजाय र वन्यजन्तु क्षतिको राहत व्यवस्था पृष्ठ : १५

GREEN GUARD DISTRIBUTION



Purano Guheshwori Secondary School, Goldhunga



Nagarjun Thulagaun H.S. School, Jitpurphedi



Angels' Heart H.S. School, Manamaiju



Saraswoti H.S. School, Tokha



Singhakali H.S. School, Tingla, Solukhumbu



Students reading Green Guard

Little Green Guards
Presents
Bimonthly Magazine
GREEN GUARD

Chief Editor:
Madhav Paudyal
Associate Editor:
Thaneshwor Pd. Basyal
Shashi Sharma
Reporter:
Hem Magar
Biraj Pun

Editor:
Bishwanath Rijal
Publisher:
Green Guard Nepal
Photo:
Green Guard
Design & Layout:
Pranaya Sindurakar

Office:
Anamnagar, Kathmandu
Mobile: 9808244120
E-mail: greenguard2016@gmail.com

Printed at:
Sopan Press Pvt. Ltd., Dillibazar

जैविक विविधतामाथि खतरा

पृथ्वीमा करीब १५ लाख जीब तथा वनस्पतिको प्रजातिहरु भएको तथ्याङ्क छ भने अझै कतिपय पत्ता लाग्नसक्ने वलियो प्रमाण छ । पृथ्वीका हरेक जैविक र अजैविक तत्वहरु एक आपसमा अन्तरसम्बन्धित हुन्छन् । कुनै पनि तत्व वा जिव लोप भएर गयो भने त्यसको असर समग्र प्रणालीमा पर्न जान्छ । मानवीय क्रियाकलापका कारण पारिस्थितिकीय प्रणालीमा असर पर्दै गएको सन्दर्भलाई नकार्न सकिदैन ।

प्राकृतिक श्रोतको अवैज्ञानिक तरिकाको प्रयोग, बासस्थानको विनास, जलवायु परिवर्तन र विश्व उष्णीकरणका कारण जैविक विविधता संकटमा परिरहेको छ । पछिल्लो ४० वर्षमा पृथ्वीका ५२ प्रतिशत वन्यजन्तु लोप भैसकेको तथ्याङ्क उपलब्ध छ । जुलोजिकल सोसाइटी लण्डनका अनुसार सन् १९७० यता मानवीय क्रियाकलापका कारण पृथ्वीमा भएका करीब एक तिहाइ बन्यजन्तु लोप भैसकेका छन् । बढिरहेको मरुभुमिकरण र जलवायुको परिवर्तनले १२ सयभन्दा बढी प्रजातिका चरा संकटापन्न अबस्थामा पुगेको त्यस्तै ३२ प्रजातिका शंखे किरा लोपोन्मुख भएको वन्यजन्तु विज्ञहरुको अध्ययनले देखाएको छ । जैविक विविधता विनाशको दर यहि रुपमा रहने हो भने सन् २०५० सम्ममा विश्वका ५० प्रतिशत जीब तथा वनस्पति लोप भएर जाने संका गरिएको छ ।

विगत तीस वर्षको तथ्याङ्क हेर्दा जमिनमा बस्ने वन्यजन्तुको संख्या २५ प्रतिशतले घटेको छ, सामुद्रिक जीबको संख्या २८ प्रतिशतले घटेको छ भने नदीनाला लगायतका जलचर जीबको संख्यामा २९ प्रतिशतले कमी आएको छ । जुलोजिकल सोसाइटी लण्डनका अनुसार मानवी क्रियाकलापको कारण प्रत्येक वर्ष एक प्रतिशत वन्यजन्तु नासिने क्रममा रहेको छ । अफ्रिकन एन्टीलोप, डलफिन, सार्क माछा, एसियाली गिद्धलगायतका केही जीवहरु लोप हुने चरणमा रहेको सो संस्थाको अनुमान छ । डाइक्लोफिनाक नामक विषादीको प्रयोगको कारण आगामी दश वर्षमा एसियाली गिद्ध पुरै लोप हुने चेतावनी दिइएको छ । सन् १९९२ यता मात्रै ९९.९ प्रतिशत गिद्धको संख्या घटिसकेको बताइएको छ ।

डब्लु डब्लु एफका अनुसार विश्वमा हरेक वर्ष २० अर्व मूल्य बराबरको वन्यजन्तुको अवैध कारोबार हुन्छ । लागु औषध, हतियार तथा नक्कली मुद्राको कारोबार र मानव तस्करीपछिको विश्वको चौथो ठूलो अपराधको रुपमा वन्यजन्तु अपराध रहेको छ । सन् २०११ मा पश्चिमी कालो गैँडा क्यामरुनबाट लोप भयो भने सोही वर्ष जाभा प्रजातिको गैँडाको एक उपप्रजाति भियतनामबाट लोप भयो । विश्वमा बढिरहेको वन्यजन्तु तथा वन पैदावारको अवैध चोरी शिकारी तथा व्यापारका कारण पृथ्वीको जैविक विविधता तिव्र गतिमा ह्रास भैरहेको छ ।

जैविक विविधताको हिसाबले नेपालले विश्वको करीब ४ प्रतिशत हिस्सा ओगट्छ । जैविक विविधताको आधारमा नेपाल विश्वमै २५ औं र एसियामा ११ औं स्थानमा पर्छ । नेपालमा ११८ किसिमका पारिस्थितिक प्रणाली पाइन्छन् । विश्वमा पाइने कुल जीब प्रजातिको १.१ प्रतिशत र कुल बनस्पती प्रजातिको ३.२ प्रतिशत नेपालमा पाइन्छ । एक तथ्यांकअनुसार नेपालमा ८७८ प्रजातिका चरा, १८६ प्रजातिका माछा, २०७ प्रजातिका स्तनधारी जीब, ६५३ प्रजातिका पुतली, ७ हजार प्रजातिका फूल फूल्ने बिरुवा, २४६ प्रजातिका महत्वपूर्ण जडिबुटी, ५ हजार प्रजातिका किराफट्यांग्रा, ४ सय प्रजातिका बहुवर्षीय बाली तथा ६० प्रजातिका जंगली खाद्य फलफूल पाइन्छन् । यी प्राणी र वनस्पतिका प्रजातिमध्ये कैयन् प्रजाति रैथाने प्रजातिका रुपमा छन् ।

वन पैदाबार र वन्यजन्तुको तस्करी गर्नेहरुलाई राजनीतिक संरक्षण दिने, जिम्मेवार निकायको समेत उदासिनताको कारण नेपालका वन्यजन्तु अवैध व्यापारको रुपमा मौलाउदाँ एंवम अन्तराष्ट्रिय गिरोहको लागि ने पाल सुरक्षित स्थल बन्दै गएको छ ।

यसैले अव्यवस्थीत शहरीकरण, प्रदुषण तथा विश्व जलवायु परिवर्तनको असर अर्कोतिर वनजंगल वा बासस्थानको विनाश र प्राकृतिक साधनमा अत्याधिक प्रयोग एंवम वन्यजन्तुको अपराधको कारण नेपालको जैविक विविधतामा पनि गम्भिर असर परिरहेको छ ।

काठमाण्डौं शहरमा चितुवा



विश्वनाथ रिजाल

वि.सं. २०७२ असार दोस्रो सातातिर जोरपाटी नारायणटार स्थित गोल्डेन फ्यूचर स्कूलको प्राङ्गणमा नै कक्षा तीनमा अध्ययनरत रमिला तामाङ्गलाई चितुवाले घाटीमा कोपच्यो । स्कुलका विद्यार्थी, शिक्षकहरुले चिच्याएपछि नजिकै मकैवारीमा छिरेको चितुवालाई हेर्न मानिसहरुको भिडभाड बढिसकेको थियो । उक्त चितुवाले सोही ठाउमा ७९ वर्षे गुरु प्रसाद खनाललाई समेत पेटमा कोपच्यो भने ४९ वर्ष विज्ञान लामालाई अस्पताल भर्ना हुने गरी सख्त घाइते बनायो । सो भन्दा अगाडि जेठको पहिलो हप्तामा कपनमा भएको चितुवा र उद्धारकार्यमा खटिएका सदर चिडियाखाना जावलाखेलका भेटनरियन राधाकृष्ण घर्ती विच घम्साघम्सी परेको थियो । घर्ती सख्त घाइते भए भने प्रहरीले उक्त चितुवा गोली प्रहार गरेर मार्‍यो ।

वि.सं. २०७२ को कार्तिकमा सामाखुसीमा देखिएको चितुवा सकुशल उद्धार गरियो भने पौष महिनामा पुरानो वानेश्वर, शंखमुलमा विहानै सडकमा देखिएको चितुवा एक कम्पाउड भएको घरमा छिरेको भन्ने खबरले घरवरीपरी मान्छे जम्मा हुन थालेका थिए । शौचालयभित्र बसेको उक्त चितुवा घरपालुवा भएको अडकलवाजि चल्यो । घर वरीपरी चितुवाको गंध थाहा नपाएर हो कि घरपालुवा कुकुरहरुले पनि कुनै प्रतिकृया दिएका थिएनन् । उक्त चितुवा सकुशल उद्धार गरी प्राकृतिक बासस्थान तिर हुइँक्यायो । हुन त केहि वर्ष पहिले डिल्लीवजार राम मंदीरको कम्पाउन्ड भित्र देखिएको चितुवा पनि घरपालुवा भएको भन्ने अड्कल वाजि नभएको होइन । पछिल्लो पटक माघ ८ गते विहानै किर्तिपुरमा एक व्यक्तिलाई रक्ताम्मै पारेर चिथोरेको चितुवा घरको तल्लो तलामा लुकेको अवस्थामा निकै कठिनाई पुर्वक उद्धार गरि प्राकृतिक वासस्थानमा छोडियो ।

एक तथ्याङ्क अनुसार वैशाख २०७० देखि २०७२ अषाढ सम्म काठमाण्डौमा १७ वटा, भक्तपुर जिल्लामा ४ वटा र ललितपुर जिल्लामा १ वटा मानव चितुवाको द्धन्द्ध वारेको घटना दर्ता भएको छ । जसमध्ये काठमाण्डौं जिल्ला वन कार्यालयले ९ वटा मृत अवस्थामा फेलापारेको चितुवा गाडेको, २ वटा चितुवा मध्ये १ वटा गाउलेले अनि १ वटा प्रहरीले गोली हानि मारेको त्यस्तै ३ वटा चितुवा उद्धार गरि प्राकृतिक वासस्थानमा छोडेको छ भने भक्तपुरमा २ मृत र २ उद्धार गरेको उल्लेख छ । हुन त शिवपुरी नार्गाजुन राष्ट्रिय निकुञ्जले पनि आ.व. २०७०।७१ मा दुई मृत चितुवा फेला परेको जनाएको छ ।

सरसर्ती माथिको तथ्यांक हेर्दा काठमाडौं जिल्लामा मानव चितुवाको द्वन्द्व अलि बढी देखाउँछ हुन त यस पंक्तिकारले विगत २ वर्ष देखि उपत्यकाका यी स्थलहरुमा रहेर तथ्यांक विश्लेाण गर्दा एवं गाउँलेहरुसँग चितुवा बारे जानकारी लिदा भक्तपुर जिल्लाको ठाउँहरुमा गाउँलेको बढी गुनासो देखिएको छ । यस सम्बन्धमा बारम्बार



फर्पिङ्ग क्षेत्रमा फेला परेको मृत चितुवा

उद्धार कार्यमा भेट भइरहने सदर चिडियाखानाका भेटेनरीयन राधाकृष्ण घर्तीले काठमाडौं क्षेत्रका जंगलमा करिडर नहुनु, जंगलको अवस्था छुट्टाछुट्टै रुपमा हुँदा यस्ता चितुवा बाटो विराएर मानव बस्तीमा आई बढी द्वन्द्व हुन गएको बताउनु हुन्छ ।

जि.व.का. काठमाडौमा सन् २००९ देखि २०१४ सम्मको अवधिमा काठमाडौ उपत्काको २८ वटा चितुवा मृत्यु

भएको जसमध्ये २०११ मा सबैभन्दा बढी अर्थात ६ वटा रहेको छ । यसरी हेर्दा औसतमा ४.६६ वटा चितुवा प्रतिवर्ष उपत्यकामा मृत फेला पर्ने रहेछ । वि.सं. २०७३ साल यता बैशाख ८ गते चन्द्रागिरी न.पा.-२ मा फेला परेको चितुवाको बच्चा, जेठ १९ गते कुलेश्वरमा उद्धार भएको वयस्क चितुवा, श्रावण १७ गते चन्द्रागिरी न.पा.-१० का गाउँलेले प्रतिशोध लिदै एक चितुवा मारेका छन् भने कार्तिक १५ गते दक्षिणकाली न.पा. फर्पिङ्ग क्षेत्रको खोलामा एक वयस्क चितुवा मृत फेला परेको घटना छ भने यही वर्ष भक्तपुरमा मानव वस्ती नजिकै बाँसघारीमा चितुवाले तीनवटा बच्चा जन्माएको तथा ललितपुरको लुभु क्षेत्रमा एक चितुवा उद्धार गरी उपत्यका बाहिर छाडिएको थियो ।

यसरी मृत अवस्थामा पेला परेको चितुवाहरु कतै चोरी शिकारीहरुको निशानामा परेका त होइनन् ? भन्ने प्रशस्त शंका गर्ने ठाउँ छ । जिल्ला वन कार्यालय काठमाडौंमा २०६४ सालदेखि २०७१।७२ अर्थात ८ वर्षको तथ्यांक हेर्दा चितुवाको छाला अवैध रुपमा ओसारपसार गरी विक्री गर्ने मुद्दाको संख्या जम्मा ४९ वटा छ । जुन कुराले चोरी शिकारीको पनि बढ्दो रुप देखाएको छ । काठमाण्डौं उपत्यकामा मानव-चितुवाको द्वन्द्व निरन्तर छ भने अर्को तिर जंगली जनावरको हित चाहनेहरुको लागि निकै चुनौती बन्दै गएको छ ।

नेपाल सरकारको संरक्षण सूचीमा नरहेको यी चितुवा बाहेक काठमाडौं उपत्यकामा संरक्षित ध्वासे चितुवा छ भन्ने कुराको पुष्ट्याई २०७१ जेठ १२ गते थानकोट स्थित सडकमा गाडीको ठक्करबाट मृत अवस्थामा फेला परेको ध्वासेँ चितुवाको बच्चालाई लिन सकिन्छ । वि.सं. २०७३ बैशाख ३१ मा तारकेश्वर न.पा.-१० बोराटारमा फेला परेको चरीबाघको बच्चाले पनि पुस्ट्याई हुन्छ । यस्ता चितुवा जब मानव बस्तीमा छिर्दछन तब सर्वप्रथम नजिकैको प्रहरी कार्यालयले जिल्ला वन कार्यालयलाई खबर गर्दछ । जिल्ला वन कार्यालय मार्फत उद्धारका लागि सदर चिडियाखाना जावलाखेललाई गुहार्न पुग्दछ । यसरी एक ठाउँबाट अर्को ठाउँ हुँदै हाकिमको आदेश पर्खदा सम्म घटनास्थल पुग्न निकै ढिलो हुन्छ । जहाँ अनियन्त्रित भीडले समेत उद्धार कार्य गर्न कठिन बन्दछ । चिडियाखानाका भेटनरियनले चितुवालाई बेहोस पार्ने इन्जेक्सनद्वारा डार्ट गरिन्छ र तुरुन्त प्राकृतिक बासस्थानतिर लगिन्छ । प्राकृतिक बासस्थानमा पुऱ्याउँदा बेहोस भएको चितुवा ब्युतिसकेको छ भने खोरको ढोका खोली बाहिर जान दिइन्छ नभए पुनः ब्यूताउने इन्जेक्सन दिई ब्युझेको पक्का भएपछि उद्धार टोली फर्कन्छ ।

संसारभरी पाइने यस्ता चितुवाको १४ प्रजातिमध्ये नेपालमा पाइएको यो एक मात्र प्रजाति "प्यान्थेरा पारडस" हो । यो साइटिसको अनुसुचि १ र आइयूसिएन रेड बुकमा लोपोन्मुख वर्गीकरणमा रहेको छ । चितुवा जुनसुकै तापक्रम र परिस्थितिमा जुध्न सक्ने, विभिन्न खाले जनावरको सिकार गर्न रुचाउने, आफ्नै क्षेत्रमा रमाउने एवम् रात्रिकालिन समयमा सक्रिय हुन्छन् अझ भन्ने हो भने सूर्य अस्ताएको केही समय पछिको रात एवं उज्यालो हुनुभन्दा अघिको रातमा यिनीहरु निकै नै सक्रियता देखाउँछन । विहानीपखको रातमा नजिकैको जंगलबाट मानव वस्तीमा छिरेको चितुवा सूर्य उदाएपछि अल्लमल्ल पर्दछ अनि कतै बुट्यान, अध्यारो जस्तो ठाउँमा लुक्न पुग्दछ र मानवहरुको सक्रियता बढ्न थालेपछि द्वन्द्वको कारण बन्दछ । काठमाडौं



शिखरापुर उ.मा.वि.का विधार्थीहरु मृत चितुवा अवलोकन गर्दै

उपत्यका वरिपरि रहेको वनजंगलको घनापन हराउँदै गएको, जंगलमा शाकाहारी जनावरहरुको संख्या घट्दै जानु, जंगलमा नै चितुवाको संख्या बढेर एक आपसमा अन्तरसंघर्षको कारण आहाराको लागि नजिकैको मानव वस्तीमा बाख्रा एवं छाडा कुकुरहरुको स्वाद खान पल्केका हुन सक्दछ । एक अध्ययन अनुसार चितुवाले आफ्नो आहार घरेलु जनावर बाख्रा एवं कुकरलाई बढी रोजन थालेको पनि पुष्टि भएको छ । हुन त काठमाडौं

उपत्यका वरिपरी रहेका शिवपुरी, नागार्जुन, गोकर्ण, चन्द्रागिरी एवं भक्तपुर, ललितपुर क्षेत्रका जंगलबीच एक आपसमा करिडर निर्माण नहुँदा पनि बाटो विराएर मानव वस्तीमा छिरेका यस्ता जीवहरु द्वन्द्वका कारण बन्दछन् । विना अध्ययन जतातैका चितुवा उद्धारका नाममा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रमै छोडिनाले पनि द्वन्द्वको कारण बन्न सकेको हो ।

वास्तवमा वन जंगल क्षेत्रमा मानवको अतिक्रण बढ्दो छ । जंगलभित्र पिकनिक मनाउने एवं जंगलकै बाटो हुँदै एक छेउबाट अर्को छेउ पुग्न अनेक बाटोहरु छन् । मोटरसाइकल, सानोतिनो बसको आवतजावत जंगल, निकुञ्ज भित्र भइरहने । जंगल भित्र नै गुम्बा, मठमन्दिरको अवस्थित एवं सैनिक व्यारेकको कारणले पनि यी जंगली जनावरहरुले असुरक्षा महसुस गरका हुन कि ? जंगल छेउका मानव बस्तीमा समेत जनचेतनाको स्तर निकै खस्कदो छ अझै पनि चितुवालाई बाघ नै भन्नेको संख्या उल्लेख्य छ । जंगली जनावरले गरेका क्षतिको राहत पिडितहरुले सजिलै नपाउँदा जंगली जनावरप्रति नकारात्मक सोच राख्दै आएको पाइन्छ ।

यसैगरी गाउँलेहरुले जंगलतिरका परनिर्भरता कम गर्नुपर्ने, शौर्य शक्ति बायो ग्याँस आदिको उपयोग तथा सामुदायिक वन क्षेत्रको विकासमा जोड दिनुपर्दछ । जंगल क्षेत्रको घनापन बढाएर जंगली जनावरको बासस्थानमा बृद्धि गर्नुपर्दछ । यसै गरी चितुवाको छालाको अवैध रुपमा ओसारपसार गर्नेहरु माथी कडा निगरानी गरी कानूनको कठघरामा उभ्याइनु पर्दछ । जंगली जीवहरु सजिलै वनजंगल क्षेत्रमा ओहोर दोहार गर्न करिडर निर्माण गर्नुको साथै बारम्बार मानव वस्तीमा आइरहने यस्ता चितुवाहरुलाई रेडियो कलरिङ्ग गरी वैज्ञानिक द्वन्द्व व्यवस्थापनमा सहयोग गर्नुपर्दछ । साथै जंगली जनावरको उद्धार कार्यमा द्रुत उद्धार टोलीको गठन गरि नुपर्दछ । संकटमा परेका यस्ता जीवहरुको निम्ति छुट्टै चिडियाखानाको व्यवस्था गर्न पनि सकिन्छ ।

❑

Think good to wildlife,
be good to wildlife
and do good to wildlife.

म आफैबाट



पवित्रा सापकोटा
कक्षा १०, नागार्जुन मा.वि. गोल्ढुङ्गा

बिहानको सूर्यको किरण सगै
न त म हिउँले सजिएको हिमाल देख्छु
न त म फूलमा रमाएको पुतली नै भेट्छु !!
हिउ त पगलिएछ
फूल त झोकिएछ
न त म खोला झरनाको सर्सराहत सुन्छु
न त म तलाउमा पशुपंक्षि नै भेट्छु !!
खोला झरना त सुकेछन्
पशुपंक्षि त अन्तै सरेछन् !!
बेलुकी साझपख ढल्किदा
धुवाँ धुलोले मडारिएको आकाश देख्छु
अतिवृष्टी र अनावृष्टी भएको सुन्छु
आकाशका जुनतारा रिसाएको भेट्छु !!
वातावरण त विनाश भएछ
जतातै कोलाहल मच्चिएछ
मानिसहरुको चेतनामा कमी आएछ !!
म आफैबाट प्रयास गर्छु
सबैलाई चेतनाको सन्देश दिन्छु
क्यान्भासमा एउटा सुन्दर प्रकृतिको सपना कोर्छु
आफैँ आफैँमा हरियाली समाजको निर्माण गर्छु !!
बिस्तारै हिमालमा हिउँ थुप्रिएछ
फूल जुर्मुराएछ
खोला झरना बगेछन्
पशुपंक्षि रमाएछन् !!
वातावरण त फेरी स्वच्छ भएछ
मानिसको सोच संगै
सुन्दर नेपालको निर्माण भएछ !!

We can judge the heart of a man
by how he treats animals

प्राकृतिक विज्ञान संग्राहलय : शैक्षिक भ्रमण

Natural History Museum : Educational Tour



पुनम गजुरेल
कक्षा-८
नागार्जुन ठूलागाउँ उ.मा.वि., जितपुरफेदी

विश्व सम्पदा सूचिमा सूचिकृत स्वयम्भुनाथ मन्दिरको काँखमा अवस्थित प्राकृतिक विज्ञान संग्राहालय त्रिभुवन विश्वविद्यालयको प्राणी शास्त्र अन्तर्गत रहेको छ । झण्डै ५० हजार जीवहरुको मृत शरीरलाई वैज्ञानिक विधि द्वारा संग्रह गरिएको छ । उक्त संग्राहालयको स्थापना इ.स. १९७५ मा भएको हो ।

करिव ४० हजार संख्यामा रहेका जनावर एवम् अन्य संख्यामा वनस्पतिहरुलाई संग्रह गरि देश विदेशका अध्ययन अनुसन्धानकर्ता एवं वैज्ञानिकहरुका लागि आर्कषक स्थलकोरुपमा रहेको उक्त स्थलमा हामि कक्षा-८ का विद्यार्थीहरु यहि मिति २०७३-०५-२५ मा जान मौका पाउदा निकै भाग्यशाली ठानेको छौं ।



प्राकृतिक संग्राहलयमा राखिएको बाँदर

उक्त संग्राहालयमा नेपालवाट लोप भइ सकेको अनुमान गरिएको मुसे हरिण (Mouse Deer) एव अनौठो भ्रुण (Embryo) एवं कुनै समय शिवालिंग पर्वत श्रृखलामा देखापरेको भनिएको हात्तिका जिवावशेष, विभिन्न अस्थिपञ्जर आदिलाई अंग्रेजी, नेपाली एवं बैज्ञानिक नाम दिएर राखिएको थियो । झट्ट हेर्दा कतिपय जीवहरु जीउदै जस्तै लाग्यो । हामिले त्यहाँ अष्ट्रिचको अण्डा, प्वाख पनि देख्यौ, पाटेबाघ (Royal Bengal Tiger), घडियाल गोही, भालु, सेतो काग, रेडपाण्डा तथा भाले कुखुरा र त्यसैले पारेको अण्डा, सबैभन्दा ठूलो निशाचर पूतली प्रजाती, हात्तिका भ्रुण, ८ खुट्टे पाठी, गैंडाको भ्रुण, वन मान्छे, बाँसको फल, उपयोगी झ्याउ, ४



प्राकृतिक संग्राहलयमा विद्यार्थीहरु अवलोकन गर्दै

खुट्टे चल्ला, काँडे भ्याकुर, ग्रेट बर्ड अफ प्याराडाइज, अक्टोपस, दुई टाउके सर्प, राज गोमन, लामो अजिंगरको काँचुली, यार्सागुम्वा, किरा खाने विरुवा, मानिसको भ्रुण, रामापिथेकसको दाँत, रामगाई आदि हेर्न पाउँदा अचम्म लाग्यो । उक्त संग्राहालयमा राखिएका जिव हेर्दा कतै हामी राष्ट्रिय निकुञ्जमा छौ जस्तो महसुस समेत भयो । हामी जस्तै अन्य स्कुलका विद्यार्थीहरु एवं देश विदेशका अध्ययन, अनुसन्धानकर्ताहरु पनि अवलोकनका लागि आउनु भएको थियो । संग्राहालयले जीव जन्तुहरुको चित्र अंकित हुलाक टिकट प्रकाशनमा सहयोग पुऱ्याएर देश विदेशमै जीव जन्तुहरु संरक्षणको लागि ठुलो योगदान पुऱ्याएको कुरा थाहा पाउँदा निकै खुशी लाग्यो ।

अन्तमा म तथा मेरा कक्षा ८ का साथीहरु एंव हामीलाई भ्रमण गराउने शिक्षक र Little Green Guards Nepal लाई धेरै धन्यवाद दिन चाहन्छौं ।

❑

कोइली चरीहरूको बेइजिङदेखि अफ्रिकासम्म साहसिक यात्रा

✍ ग्रिन गार्ड डेस्क

गत अगष्ट महिनामा चिनियाँ राजधानी बेइजिङ नजिकको सिमसार क्षेत्रबाट केही कोइली चरीहरूले उडान भरे । तीमध्ये पाँचवटा कोइली चरीको शरीरमा विशेष यन्त्र झुन्ड्याइएको थियो । त्यो यन्त्रले कम्प्युटरमा खबर पठाउँथ्यो । तीमध्ये दुइटी कोइली चरीको नाम थियो- फ्ल्यापी र स्काईबम्ब । प्रत्येक वर्षको हिउँद सुरु नहुँदै उत्तरी चीनका कोइलीहरू टाढाँ टाढाँ बसाइसराइँ गर्छन् । बसाइँ सर्ने क्रममा उनीहरू कहाँ जान्छन के गर्छन यही पत्ता लगाउन अनुसन्धानकर्ताहरूले ती पाँच कोइली चरीको शरीरमा यन्त्र जोडेका थिए ।

चार महिनामा स्याटलाइटमार्फत् रेकर्ड भएको कोइली चरीहरू हजारौं माइल यात्रा गरि, दर्जनौं देश र महासागर नाघिसके । चराका लागि लामो उडान अत्यन्तै जोखिम हुन्छ, कति त उडानकै क्रममा मर्छन् । कसैले यी कोइली चरीहरूले लामो उडान भर्न सक्छन् भन्ने ठानेकै थिएन् । साच्चैं भन्ने हो भने कोइली जस्ता चरा धेरै टाढा उड्ने हुदैनन्, पाँच महिनादेखि चराहरुको अध्ययन गरिरहेका ब्रिटिस चरा विशेषज्ञ टेरी बताउछन् । तर, तिनै कोइली चरीले अन्ततः आफ्नो साहसिक यात्राबाट संसारलाई नै छक्क पारिदिए । पर्यावरणविद क्रिस हेउसन् भन्छन् 'हजारौं हजार माइल समुद्र र मरुभूमि नाघ्दै गरेको एउटा सानो चरासँग भावनात्मक रूपले जोडिँदा विशिष्ट अनुभूति हुँदो रहेछ ।' 'कोइलीहरूको साहसिक यात्राले हामीमा भावनात्मक प्रतिक्रिया जाग्छ,' ।

कोइली चरा बानीले स्वार्थी हुन्छन् भन्ने मान्यता छ । उनीहरू अरूको श्रममा आश्रित रहन्छन् भन्ने विश्वास गरिन्छ । कतिसम्म भने, आमा कोइलीले आफ्ना बचेरा पनि आफैं हुर्काउँदैनन् । अन्डा पार्ने बेला खुसुक्क अरू सानातिना चराको गुँडमा जान्छन् र त्यहीं अन्डा पार्छन् । यसरी कोइलीका बचेरा अर्कैको कोखमा हुर्कन्छन् । झुसिल्किरा वा त्यस्तै प्रकृतिका कोमल कीरा तिनका आहारा हुन् जसलाई पक्रन मिहिनेत पर्दैन । यस्ता कोइलीहरू उडेरै सात समुद्रपार पुग्न सक्छन् भन्दा कसले पत्याओस ?

अनुसन्धानकर्ताहरूले गत मे महिनामै यसको सुरुआत गरेका थिए । उनीहरूले कोइलीलाई समात्न सूक्ष्म किसिमको जाली प्रयोग गरे । त्यो जालीमा एउटी पोथी कोइलीलाई अरूले झट्ट देख्न नसक्ने मसिनो डोरीले बाँधिदिए । त्यसपछि यौनसम्पर्कका लागि भाले डाक्न पोथी कोइलीले जस्तो आवाज निकाल्छे, त्यसैको रेकर्ड ठूलो स्वरमा बजाए त्यस्तो आवाजको रेकर्ड पहिल्यै ठिक्क पारेर राखेका थिए । यसरी पोथी कोइलीले यौनसम्पर्कको निम्ति आवाज निकालेको सुनेपछि भाले कोइलीले आफूलाई थाम्न सकेनन् टाढा-टाढाबाट त्यो ठाउँमा चारैतिरबाट भाले कोइलीहरू झुम्मिन आइपुगे, अनुसन्धानमा संलग्न बेलायती चराप्रेमी तथा वातावरणविद् टेरी टाउन्सहेन्ड भन्छन्, 'ईर्ष्या लागेर होला, एउटी पोथी कोइली पनि त्यहाँ आइपुगेकी थिई ।'

अनुसन्धानकर्ताहरूले कोइलीहरूलाई भेला गराउने काम सकेपछि पोथीको आवाजले लठ्ठिएका ती पाँचवटा कोइलीलाई पक्रेर तिनको शरीरमा सौर्य ऊर्जाले चल्ने सानो यन्त्र झुन्ड्याइदिए । यन्त्र भारी भएर उड्न अप्ठ्यारो नहोस् भन्नेमा अनुसन्धानकर्ता सचेत थिए । त्यसैले त्यो यन्त्रको तौल ०.१६ औंस र छानिएका प्रत्येक कोइलीको तौल करिब ३.५ औंस थियो । यन्त्र जडान गरेपछि ती कोइलीलाई स्वतन्त्र रुपमा उड्न दिइयो । अनुसन्धानकर्ताहरूको यो प्रयोग नौलो भने थिएन । सन् १९९० को दशकदेखि नै बसाइँ सर्ने चराको अध्ययन गर्न यस्तै विधि प्रयोग गरिँदै आएको छ ।

यस अनुसन्धानको उद्देश्य कोइली चरीको उडानबारे जानकारी लिनुमात्र होइन, चरासम्बन्धी सचेतना जगाउनु पनि यसको उद्देश्य थियो । त्यही भएर स्थानीय विद्यार्थीहरूमा चराबारे कौतुहल जगाउन उनीहरूलाई पहिलेनै यस खोजबारे जानकारी दिइएको थियो । यन्त्र झुन्ड्याइएका दुई कोइली चरीको नाम बेइजीङ्गमा अध्ययनरत् विद्यार्थीहरूले नै राखेका थिए । फ्ल्यापी र स्काईबम्ब बाहेक अन्य चराको नाम होप, जिगुई र मेङ्गभी जुवान अर्थात् सपनाको चरा थियो ।

जब ती चराले स्वतन्त्र उडान भर्न थाले, तब तिनीहरू कहाँ जान्छन् भन्ने कुरा वन्यजन्तुमा चाख राख्नेहरुका लागि कौतुहलता बढ्दै गयो । चर्को गर्मी सकियो । कोइलीको बसाइसराइँको समय नजिकिन थाल्यो । सबै कोइलीले बसाइँ सर्न सकेनन् । 'होप' उत्तर रसियातिर उडिन् तर बीच बाटोमै कता हराइन् पत्ता लागेन । सायद उनी उड्दाउड्दै बाटोमै

मरिन् वा यन्त्र उनको शरीरबाट खस्यो । त्यस्तै 'जिगुई' नामको कोइली चरीबाट प्राप्त हुने सन्देश पनि बेइजिङ नजिकै रोकियो । सायद ऊ पनि त्यतै कतै मर्यो वा यन्त्र खसाल्यो । फल्यापी भने गत अगष्टमा दक्षिणतिर लाग्यो । त्यसको केही सातामै स्काईबम्बले फल्यापीकै बाटो पछ्यायो । केही समयमा मेङ्ग पनि त्यही दिशामा उड्यो ।

अनुसन्धानकर्ताहरूले प्रत्येक दिन उनीहरूको यात्रा निरीक्षण गर्दै स्याटलाइटबाट प्राप्त सूचना टुइटरमा अपडेट गर्न थाले । यसले ठूलो संख्यामा चराप्रेमीलाई आकर्षित गर्यो, धेरै चासो बढ्यो । स्याटलाइटबाट प्राप्त जानकारी अनुसार सेप्टेम्बरको मध्यतिर स्काईबम्ब र फल्यापी भारतमा थिए । जब स्काईबम्ब हिन्द महासागर माथि उड्न थाल्यो अनुसन्धानकर्ताहरू खुसीले उफ्रिँदै 'वाह !' भने । अक्टोबर अन्त्यतिर, स्काईबम्बले मध्य-भारतबाट उडेर उत्तरी हिन्द महासागर हुँदै अफ्रिका पुग्ने आँट गऱ्यो । कोमल कीरा खाएर बाँच्ने 'स्काईबम्ब' कोइलीजस्तो मामुली खालको सानो चराले त्यस्तो साहसिक जोखिम लिनु अचम्म थियो । समुद्री बाटो अफ्रिका पुग्न उसले हजारौं माइल उड्नुपऱ्यो । बीचमा न आराम गर्ने ठाउँ थियो न त खानेकुरानै । कम्प्युटरमा आँखा नझिम्काई बसेका अनुसन्धानकर्ताहरू सबै स्काईबम्बको यात्रा सफल होस् भनी कामना गर्न थाले ।

कोइलीले यति ठूलो आँट गर्नुमा केही कारण पनि छन् ।

भारतमा मनसुन बेला कोइलीहरूका लागि प्रशस्त खाना प्राप्त हुन्छ, त्यसपछि कोइली मनसुनको हावा फेरि हिन्द महासागरतर्फ उडान बनाउँछन् । उसले २,६०० फिट उचाइमा सोझो उडानलाई निरन्तरता दियो । दोस्रो दिनसम्म महासागरमा आधा बाटो पूरा गरिसकेको थियो । तेस्रो दिन अफ्रिकाको पूर्वी तटतिर पुग्यो । त्यहाँ उसले आराम गर्यो जहाँ खानेकुरा पनि प्रशस्त पायो । उडानको अधिकांश समय स्काईबम्बले अनुकूल हावा पाइरहेको थियो । तर, उसले जमिनमाथि उडान भर्न थाल्दा विपरित दिशाबाट हावा चल्न सुरु भइसकेको थियो । हावाको वेग धेरै नभए पनि त्यसलाई चिर्दै कतै नरोकिकन निरन्तर उडिरहन सानो कोइली चरीलाई गाह्रो थियो । अक्टोबर ३१ मा अनुसन्धानकर्ता टाउन्सहेन्डले ट्विटरमा घोषणा गरे- 'स्काईबम्ब अफ्रिका पुग्यो !'

भारतबाट कतै नरोकीकन २,३०० माइल यात्रा उडेरै सुरु गरेको ६४ औं दिनमा उक्त चरा सूर्य अस्ताएको एक घन्टापछि सोमालियाको भूमिमा ओर्लियो । यसरी अनवरत



यात्रामा उडेको कोइली चरा

उडिसकेर पनि स्काईबम्बको यात्रा सकिएको थिएन । केही समयअघि झरी परेको स्थान उसको गन्तव्य थियो । त्यस्ता ठाउँमा उसले आफ्नो आहारा सजिलै पाउँथ्यो । उसले तुरन्तै थप १९० माइल यात्रा गर्यो । झरी कुन स्थानमा परेको छ र आफ्नो आहारा कहाँ पाइन्छ भन्ने उसलाई थाहा रहेछ ।

अन्य चराले आफ्नो यात्रा स्काईबम्बभन्दा केही पछि सुरु गरे । पोथी कोइली फल्यापीले कम जोखिमपूर्ण यात्रा गरी । ऊ भारतबाट अरबियन समुद्र पार गरेर ओमन पुगी । यसले समुद्रमाथि उसको उडानलाई छोटो बनायो तर यो बाटोले उसलाई अझै टाढा रहेको उत्तरी अफ्रिकासम्म पुऱ्यायो । उता, मेङ्ग झी भने शुक्रबारसम्म भारतीय तटबाट केही माइल उडेको थियो । ऊ स्काईबम्बले लिएको बाटो हुँदै हिन्द महासागर पार गर्ने र सोमालिया वा त्यस्तै कुनै स्थान ओर्लिने तयारीमा देखिन्छ ।

अनुसन्धानबाट के थाहा भएको छ भने, यी कोइली चरीहरू झरी पछ्याउँदै अफ्रिकाको दक्षिणी स्थानतर्फ उड्दा रहेछन् । चराको जीवन छोटो हुन्छ । बाँचे भने उनीहरू मे महिनामै बेइजिङ फर्कने छन् । आफ्नो यो खोजमा थप सहयोग प्राप्त भए अर्को वर्ष अझै धेरै चरा पछ्याउने योजना रहेको अनुसन्धानकर्ता टाउन्सहेन्ड बताउँछन् । चरासम्बन्धी यस प्रकारको ज्ञानले चरालाई कसरी थप सुरक्षित राख्न सकिन्छ भन्ने हामीलाई जानकारी प्राप्त हुन्छ । 'यी चरा चीन, भारत, म्यान्मार, सोमालिया वा जहाँ-जहाँ पुग्छन् सबैको साझा बन्न पुग्छन्,' टाउन्सहेन्ड भन्छन्, 'यिनको रक्षा गर्नु हामी सबैको साझा कर्तव्य हो ।'

साभारः Chris Buckley, Newyork Times

कविता / Poem

प्रकृति प्रेम

शर्मिला घिमिरे
कक्षा : -१०, पृथ्वी नारायण उ.मा.वि

कति माया छ मेरो मनमा प्रकृतिलाई दिनलाई
नसोध तिमी कति छ भनेर सक्दिन उल्था गर्नलाई
के हो प्रकृति कस्तो छ यो भनेर तिम्ले सोध्दामा
म उत्साहित भई उत्तर दिन्छु गरेर गौरव आफूमा

अब सुन लौं के हो प्रकृति कस्तो स्वभावको हुन्छ यो
विनाश गरी उजाडी दिए मानिस जस्तै रुन्छ यो
यो त उपहार हो इश्वरको जुन हुन्छ वरपर
नदी, झरना, हिमाल, पहरा अनि छ मेरै वनजङ्गल

लुकामारी खेल्छन् यहाँ तराई र पहाड
चाँदीझैं टलकन्छ हिमाल मेरो छोपी सारा पहाड
नौं रङ्गी डाँफे रमाउँछ वनमा रमाउँछ मुनाल पनि
मायाले त हेर तिमी नाच्छन् वनजङ्गलै पनि

मलाई नयाँ ऋतुसँगै नयाँ उपहार दिन्छ
मैले पनि के छ भनि मेरो भित्री मन रुन्छ
मैले पोख्दा दुःख मेरो यसले मलाई बताउँदछ
जलमल देउ मलाई, वनविनाशले सताउँदछ

उसको कुरा सुनेर मैले हरेक दिन बिहान गनेर
रुख बिरुवालाई मलजल दिन्छ, उस्लाई उपहार भनेर
जुटौं हामी पनि सबै वनजङ्गलाई बचाउन
हामी हाम्रो नेपालको अस्तित्वलाई जोगाउन



Don't act blindly, treat us kindly

Agriculture in Nepal



Kushal Rana Magar
Class -6
Angels' Heart H.S. School, Manamaiju

Our country has more villages than towns. Most of the people are farmers. They depends on agriculture which is the backbone of economy of the country. It supplies people with the daily needs. If Nepal does not develop agricultural sectors, the upliftment of the country is impossible.

Agricultural sectors provide us with many things. Firstly, we can get our food from agriculture. We can get fresh crops, vegetables, fruits, etc.from our farms. But in our country, agricultural development has not been given high priority. Most of the farmers apply traditional methods of farming because most of them are not well trained to apply traditional methods. Some of the farmers who are getting more benefits even applying modern methods which is friendly with nature. Nature is polluted due to use of chemical fertilizers, insecticide and pesticides. The facilities of irrigation, bio fertilizer, local seeds and safe storage are not sufficient thus it should be encourage using.

More than 90% of people are employed in agriculture sectors. If we can develop it properly, the problem of unemployment is easily solved. Thus agricultural development in Nepal is very important. The development of the country depends on its development on the field of agriculture as it is agriculture country.

❑

वन्यजन्तु संरक्षण संजाल निर्माण



शिव सापकोटा
शिक्षक
नार्गाजुन ठूला गाँउ उ.मा.वि., जितपुरफेदी

गत असोजको पहिलो हप्ता तारकेश्वर न.पा.-१२ स्थित भञ्ज्याङ् रिसोर्ट, आपचौरमा स्थानीय वुद्धिजीवी, विद्यालयका शिक्षक एंव सामुदायीक वनका प्रतिनिधिवीच वन्यजन्तु संरक्षणका लागि संजाल निर्माण गर्ने भनी अगाडि बढ्ने बारेमा छलफल कार्यक्रम सम्पन्न भयो ।

छलफलमा सहभागि पुरानो गुहेश्वरी मा. वि. का प्र. अ. सुमनलाल महर्जनले नागार्जुन वन विगत ४ दशक अगाडि हराभरा रहेको र वन नजिकै पोखरीमा मृग, चितुवा जस्ता जनवार पानी खान आउने गरेको वताउनुभयो, त्यस बेला विभिन्न चराको आवाज एवं विभिन्न पुतलीहरुको उपस्थितीले निकै मनमोहक थियो । तर आज नागार्जुन वनभित्र रुख विरुवाको अभाव छ र वन्यजन्तुलाई पानी पनि उपलब्ध छैन । हाम्रा प्रकृतिका सुन्दर उपहार हुन् यिनीहरुको संरक्षणले वातावरण संरक्षण लगायत पर्यटनको वृद्धि गरेर थप आय आर्जन गर्न सकिने कुरा वताउनु भयो ।

यस्तै पृथ्वीनारायण उ. मा. वि. गोलढुङगाका प्र. अ. रामशरण घिमिरेले वन, वन्यजन्तु संरक्षणका विषयमा सरकारको मुख मात्र ताकेर हुँदैन यसमा स्थानीय स्तरमा सबै तह वर्गका व्यक्ति एंव नागरिक समाजको महत्वपूर्ण भूमिका रहने भएकोले हामी सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुपर्छ । साथै यस प्रकारका कार्यक्रमले अझ उत्साह एंव हौसला प्रदान गर्ने कुरा व्यक्त गर्नुभयो । अर्का वक्ता जितपुर फेदी उ.मा.वि. का शिक्षक राम प्रसाद अर्यालले चितुवा जस्ता वन्यजन्तुले क्षति पुऱ्याउँदा राहत पाउने



वन्यजन्तु संरक्षण संजाल निर्माण कार्यमा सहभागीहरु

अहिले निर्माण भएका पर्खाल भत्किएका कारण वन्यजन्तु सजिलै मानव वस्तीमा छिर्न थालेका छन् र मानव-वन्यजन्तु वीच द्वन्द्व बढेको उहाँले बताउनुभयो । त्यस्तै अर्का स्थानीय बुद्धिजीवी भरत तामाङ्गले मानव र वन्यजन्तुको द्वन्द्वबाट मानवलाई पर्न गएको क्षतिलाई जतिसक्दो चाडै उपलब्ध गराउन सकेमा वन्यजन्तु संरक्षणमा चासो बढ्ने तथा बन्यजन्तु अपराधमा संलग्न दोषीलाई सजाय हुनुपर्ने कुरा व्यक्त गर्नुभयो । यस्तै नागार्जुन ठूला गाउ उ. मा. वि. वा पूर्व अध्यक्ष अर्जुन प्रसाद फुयालले वन्यजन्तु पालनको लागि के कस्ता प्रावद्यान छन् सो बारे जिज्ञासा राख्नु भएको थियो । त्यस्तै स्कुलका सह प्राध्यापक शिव फुयालले वन, वन्यजन्तु तर बाँदर र बँदेलले बाली नोक्सानी पुऱ्याए वापत राहत नपाउदा आफूहरु दुःखी भएको वताउनुभयो । सहभागि प्रतिनिधिहरुका वन्यजन्तु संरक्षण सम्बन्धी गुनासा एंव जिज्ञासाका वारेमा प्रष्ट पार्दै वन्यजन्तु संरक्षण संजाल निर्माण गर्नु परेको कारण वारे जि.व.का. काठमाडौंको स.व.अ. उत्सव थापाले प्रष्ट पार्नुभयो ।

Little Green Guards का प्रतिनिधि एवं राष्ट्रिय प्रकृति संरक्षण तर्फका विश्वनाथ रिजालले कार्यक्रमको संयोजन एवं प्रस्तुती गर्नुभएको उक्त कार्यक्रम जि.व.का. काठमाडौंको आयोजनामा सम्पन्न भएको थियो । ❑

चितुवासँग लाप्पा नै परेको हो

विज्ञान लामा

२०७२ असार १३ गतेका दिन म म:म पसलमा काम गर्दै थिए । दिनको ११ बजे तिर होला चितुवा आएको हल्ला सुनियो । मानिसको भिड्भाड बढ्दै गएको ठाउ तिर म पनि गए । मकैबारी नजिक रहेको एक घरको आधा ढोका खुल्लै भएको ट्वाईलेट यसो तानेर भित्र जानै लाग्दा त्यहाँ बसिरहेको चितुवासँग आँखा जुध्यो । मेरो त सातोपुल्तो उड्यो तुरुन्त फनक्क फर्केर कुलेलम



चितुवाको आक्रमणमा परेका विज्ञान लामा

ठोक्न खोजे पछाडिबाट चितुवाले काँधमै पञ्जा पुरयाएर ताने जस्तो गर्‍यो, म फेरी फनक्क फर्के चितुवा म माथि आइ लाग्न थाल्यो, मैले कति पटक उसको पञ्जालाई झट्कारे, उसले मलाई छाती, पेट, अनुहारमा कोतर्‍यो जतिपटक पनि चितुवाले मेरो घाटीमानै आक्रमण गर्ने प्रयासमा हुन्थ्यो, म उसको दुवै पञ्जा फुत्काउन भरमग्दुर प्रयास गर्थे, कसो कसो मैले उसको एक पटक घाटीमा समाउन पुगे अनि उतानो पारेर पछारे र तत्कालै भागे, म त रक्ताम्मै भएको थिए, कति रगत वग्यो वग्यो, मैले लगाएको लुगा रगतले निथ्रुक्कै भएको थियो, नाकको हड्डी भाचीने गरी कोतरेको ठाउबाट झन रगत वगेको थियो मैले आफ्नै लुगा खोलेर रगत आएको भाग छोपी नजिकैको जोरपाटी अस्पताल पुगे । त्यतिवेला त्यस्तो पर्दा मलाई उद्धार गर्ने कोहि थिएन । सायद मैले ५ मिनेट सम्म चितुवासँग लाप्पा खेले होला । आखीर आक्रमण गर्ने थाले पछि वचावट गर्नु नै पर्‍यो । खाली हात नै मैले उसलाई घाटीमा समातेर पछार्न नसकेको भए मलाई घाटीमा कोपरेर मार्ने थियो होला । चितुवा हेर्दा पो सानो आक्रमण गर्ने वेलामा त मैले ठूलो शरीर नै देखें । मलाई उसको पञ्जालाई पन्छाउन निकै निकै हम्मे हम्मे परेको थियो । निकै वलियो पो हुदो रहेछ, बुढापाकाले 'बाँघे पञ्जा'ले हान्नु पर्दछ भन्थे । साच्चै नै त्यसले हानेको पञ्जा निकै नै साह्रो हुँदो रहेछ, उस्तैलाई त भूइमै सुताउने खालको बलपो हुदो रहेछ । आखिर म पनि बलियो नै थिए र पो घम्साघम्सी गरेर उसवाट फुत्कन पाए नत्र मलाई त सखाप पारिहाल्थ्यो नि । सख्त घाइते भएर अस्पताल धाउदा धाउदा निकै खर्च भयो । जिल्ला वन कार्यालय, काठमाडौंमा सख्त घाइतेले पाउने रु. एक लाखको राहतकालागि प्रकृया बढेको थियो तर सामान्य घाइतेले पाउने रु १२,३०० मात्र पाए त्यहि मलाई दुःख लागेको छ । अहिले पनि त्यो चितुवा सँग परेको आक्रमण सम्झदा बल्ल बल्ल बाँचे र दोश्रो जुनी पाएको जस्तो लाग्दछ ।

(प्रस्तुत लेख हरियाली रक्षकसँगको कुराकानीको आधारमा)

❑

वन, वन्यजन्तु तथा वातावरण संरक्षणका लागि **हरियाली रक्षक**का पाईलाहरु सधैं अगाडि बढिरहुन भन्दै **शुभकामना** व्यक्त गर्दछौं ।

कार्की होटल एण्ड लज, तिङला

प्रो. चेलबहादुर कार्की

यहाँ खान बस्न तथा कटारी-काठमाडौं जान बस तथा जिपको टिकट पाइन्छ ।

सोलुखुम्बु, तिङ्ला क्षेत्रमा वन्यजन्तु - मानव द्वन्द्व



अशोक राई
कक्षा १२
श्री सिंहकाली उ.मा.वि. तिङला, सोलुखुम्बु

विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको सोलुखुम्बु जिल्ला जैविक विविधतामा धनि छ । हाम्रा हजुरबुवा, आमा, बुबाहरुको कुरा सुन्दा त्यसबेला वनजंगल हराभरा थिए, जंगलभित्र विभिन्न जडिबुटी लगायत फलफुल भरिभराऊ हुन्थ्यो, गोठाला जाँदा होस् वा घासपात लिन वनमा जाँदा कटुस, काफल खाएरनै पेट भरिन्थ्यो भन्नुहुन्छ अनि फर्कदा अंगालो भरी निङ्गुरोको साग लिएर आउनुहुन्थ्यो । वनमा मृग, बाँदर, चितुवा, बदेल आफै रमाएर बस्दथे, कृषकको बालीनाली पनि नोक्सानी गर्दैनथ्यो तर आजभोली कृषकको घर गोठ मात्र होइन आँगन करेसाबालीमा लगाएको अन्नबाली दुम्सी, बाँदरले खाएर दुःख दिन थालेका छन् ।



झुण्डाएर राखिएको दुम्सी

यहाँसम्म कि बाँदर खेतिवारीमा आएर गहु खाने, माङ्ने, धान केलाउने, ओसार्ने, मासको दाना केलाउने, केराउको बोका निकालेर दाना खाने, मकैको घोगा नङ्ग्राउने, घरमा राखेको मकैको झुत्तोनै बोकेर लाने, आलुको बोट उखेल्ने, सुघ्ने, टोक्ने खान मन लागे खाने नभए जथाभावी फाल्ने गरेका छन् । केटाकेटी, महिला मान्छे एक्लै हिडेको देखेमा चिथोर्ने, टोक्ने घरको बरन्डामा नै आएर कपडा समेत उठाएर लाने, गाई, बाखालाई गोठमा नै आएर झम्टने, घरपालुवा कुकुरलाई समेत टोक्ने, समूहमा आएर मार्ने समेत गरेका छन । विशेष गरेर बाँदरले गरेको उपद्रो बाट गाउँलेहरु पिडित छन् भने अन्य साहाकारी जिव दुम्सी, सालक र भालु समेत मानव वस्तीमा आउन थालेकाले द्वन्द्व बढ्न थालेको छ ।

हाम्रा बुढापाकाहरुले भनेझैं वनजंगलमा अहिले वुट्यान मात्र बाँकी छन्, हरियालीको अभाव छ । वनजंगलमा भएको जडिबुटिका जरा समेत उखेलेर लाँदा जमिनमा स-साना वनस्पति छैनन्, बुढापाका रुखहरुको ठाँउमा नयाँ रुखहरु उमार्न सकिएको छैन्, जडिवुटि, फलफुल आदि सखाप भैसक्दा टुलुटुलु बसेका छन् जिम्मेवार निकाय । अनि त्यहाँ बस्ने, रमाउने, उफ्रने त्यहीका वनस्पति खाएर बाँच्ने वन्यजन्तु मानव वस्तीमा नछिरेर कहाँ जाउन त ? आखिर उनीहरुको वासस्थान मानवले नै विगारेको हो नत्र यसबेला हाम्रो समयमा यी वन्यजन्तु किन हाम्रा वस्ती एवम् खेतवारीमा छिरेका होलान् भन्ने कारण खोज्दा मानव नै हौ अझ भन्ने हो भने वन, वन्यजन्तु, जडिवुटीका अवैध व्यापार गर्ने ति अपराधीहरु हुन । संरक्षित वन्यजन्तु पहरे बाँदर मात्र होइन अन्य बाँदरले मान्छेले गरेजस्तै कृयाकलाप गर्दा तिनीहरुको आनिबानी देख्दा साच्चै यी हाम्रै पुर्खा हुन् यी त रिसाएर आएछन्, यिनीहरुको वस्ती उजाड भएर होला वा उनीहरुका वासस्थानमा वन्यजन्तु अपराध गर्नेहरुले विगारेर होला भन्नुको साटो एकहोरो भएर ति वन्यजन्तु मार्ने, मरेको शरीरलाई झुण्डाउने अनि उनीहरु प्रति प्रतिसोधको भावना दिनु भन्दा हामीले वन संरक्षणमा ध्यान पुऱ्याउनु पर्दछ अझ संरक्षणको जिम्मा पाएको निकायले यस प्रति गम्भीर भएर पाइला चाल्नुपर्ने देखिन्छ ।

हामीले दुम्सी, बाँदर, सालक जस्ता जिवले दुःख दियो भनेर मार्ने, खेद्ने गर्दा यी लोप भएर गयो भने पक्कै पनि भोली हाम्रा आँगन, खेतवारीमा चितुवा, बाँघ जस्ता जिव आहारा

खोज्दै हामीसँग बदला लिन आइपुग्लान अनि त्यो बेला हाम्रो चेत खुल्छ अनि ओहो तिनीहरुका आहारा नै सकियो अनि ति खान नपाएर आए होलान् भनौला । प्रकृतिमा एक जिव अर्को जिव बिच सम्बन्ध हुन्छ अनि मात्र प्राकृतिक सन्तुलन कायम भई द्वन्द्व निराकरण हुन्छ ।

हाम्रो गाँउघर, जिल्लाका मानिसहरु वन्यजन्तुका हाड, छाला, अनि जडिवुटी अवैध रुपमा ओसार पोसार, वेचविखन गरेको आरोपमा यही जिल्ला वन कार्यालय र काठमाडौंमा समातिएर सजाय भोगिरहेका समाचार पनि नसुनिएको होइन पक्कै पनि यी जिवजन्तु, वनस्पति मास्ने अपराधीहरुलाई हामीले वेलैमा चिन्नु पर्दछ र यीनीहरुलाई कडा भन्दा कडा सजाय दिनुपर्दछ । सोझा साझा गाउँलेलाई ललाई फकाई यस्ता काम गर्न लगाउने ठूला अपराधीहरुलाई सजाय दिन सक्नु पर्दछ, वन, वन्यजन्तु संरक्षण गर्न जनचेतना जगाउनु पर्दछ । कृषकहरुले बाँदर, दुम्सी लाई मनपर्ने वालीको साटो अन्य नगदे वाली अदुवा, वेसार लगाउनु पर्दछ । वन जंगलबाट यस्ता जिवहरुलाई छेकबार गर्न सरकारी तवरबाट पहल गर्नुपर्दछ । वन्यजन्तुबाट मानव, कृषि एंवम पशुमा पुऱ्याएको क्षति स्वरुप सरकारले दिदै आएको राहत सजिलै वितरण गर्ने व्यवस्था गर्नुपर्दछ । कृषि वाली, पशु पन्छी आदिको विमा गर्न घुम्ति टोली गाउँघरमा पुग्नुपर्दछ । वनका जडिवुटी संरक्षण एंवम पाखा खाली भएका जग्गामा वृक्षारोपणमा जोड दिनुपर्दछ । जिल्लामै जडिवुटी औषधालय खोलिनु पर्दछ । वन, वन्यजन्तु संरक्षणमा जिम्मेवार निकाय जिल्ला वन कार्यालय एंवम राष्ट्रिय निकुञ्जले आफ्नो कर्तव्य पालना गरी राष्ट्रिय सेवकको भावना देखाउनु पर्दछ । द्वन्द्वमा परेका, रोगी वन्यजन्तुलाई स्याहार गर्ने छुट्टै स्थान बनाइनुको साथै सामुदायिक वनहरुले खुल्ला चिडियाखाना बनाउन पहल गर्नुपर्ने आवश्यक देखिन्छ ।

❑

वातावरण जोगाऔं

प्रबोध लामिछाने
कक्षाः आठ, पृथ्वीनारायण उ.मा.वि., गोलढुङ्गा

वन जोगाई वातावरण स्वच्छ राख्न सके ॥
उदाहरण सबको माझमा हामी बनन सके ॥
फेरिनेछ हावापानी त्यस्तै रहन सहन ॥
आनन्दको अनुभुति घना हरियो वन ॥

छहरा ती छइछइ गर्दै गीत गाई झर्ने ॥
बँसीतिर कलकल स्वर नदीले नै दिने ॥
सम्भव भयो जङ्गलले आत्म शान्ति दिने ॥
सुख सुविधा जति सबै त्यहीबाट लिने ॥

भन्छन् सबै वातावरण स्वच्छ पार्छ वन ॥
ज्ञान पाउन वुद्ध पनि घुमे रनवन ॥
भित्री बाहिरी वातावरण शुद्ध बनाउने
मान्छेलाई पृथ्वीमा प्रष्ट चिनाउने ॥

मान्छेको त्यो प्रकृति सबै भङ्ग भयो
किन रुख काटी पैसा बनाउने ॥
त्यही पैसाले काठ किन्न चाहने कस्तो विडम्वना,
वातावरण स्वच्छ तर वन मास्न नबिर्सिने कस्तो चलन ॥
सके वन घना पारौं तर नफाँडौं ॥
चेतनाको विकास गरी वातावरण जोगाऔं ॥

वन, वन्यजन्तु तथा वातावरण संरक्षणका लागि **हरियाली रक्षक**का पाईलाहरु सधैं अगाडि बढिरहुन भन्दै **शुभकामना** व्यक्त गर्दछौं ।

मातालक्ष्मी स्टोर्स, सल्लेरी
रेडिमेड कपडा होलसेल तथा खुद्रा मुल्यमा पाईन्छ ।
प्रो. अर्जुन बस्नेत

फुडनाम स्टोर्स, सल्लेरी
लेडिज एण्ड जेन्टस् जुत्ता चप्पल र कस्मेटिक्सका सामान पाईन्छ ।

प्रतिकी स्टोर्स, तिङ्ला, रमिते
किचन सामाग्री तथा विद्युतीय किराना सामान अर्डर अनुसार थोक तथा खुद्रा मुल्यमा पाईन्छ ।

वन्यजन्तु अपराधमा हुने दण्ड सजाय एवम् वन्यजन्तु क्षतिको राहत व्यवस्था



माधव पौडयाल
शिक्षण सहायक
भक्तपुर बहुमुखी क्याम्पस

बढ्दो वन्यजन्तु अपराध एवम् मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणको सम्बन्धमा विद्यमान ऐनका केही अंश साभार गरी प्रस्तुत गरिएको छ :

वन्यजन्तु अपराधमा हुने दण्ड सजाय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा २६ मा व्यवस्था भए अनुसार वन्यजन्तु अपराध गरे वापत निम्न दण्ड सजायको व्यवस्था उल्लेख छ ।

(१) गैरकानूनी तरिकाले गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा र गौरीगाई मार्ने, घाइते बनाउने, खरीद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको बीना, हिउँचितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने वा बिक्री गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

(२) उपदफा (१) मा लेखिएको वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउनेलाई चालीस हजार रुपैयाँदेखि पचहत्तर हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षदेखि दश वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

(३) राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्र भित्र अनुज्ञापत्र नलिई पंक्षी र माछा बाहेक अन्य वन्यजन्तु शिकार गरी मारेमा वा घाइते बनाएमा बीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा ६ महिना देखि एक वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

(४) संरक्षित पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा पन्ध्र हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनादेखि नौ महिनासम्म कैद वा दुबै सजायहुनेछ ।

(५) राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रभित्रअनुज्ञापत्र नलिई संरक्षित पंक्षी बाहेक अन्य पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा बीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुबैसजाय हुनेछ ।

(६) उपदफा (१), (२), (३), (४) र (५) मा लेखिएको बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत कसूर गर्ने व्यक्तिलाई बिगो कायम भएमा बिगोको दोब्बर जरिवाना र एक वर्षसम्म कैद र बिगो कायम नभएको कसूरमा कसूरको मात्रा हेरी बीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुबै सजाय हुनेछ ।

वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग

विभिन्न राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रहरुको जंगल क्षेत्र र राष्ट्रिय वन क्षेत्र बाहेक अन्यत्र वन्यजन्तुको आक्रमणमा परी मानिसको मृत्यु भएमा, गम्भिर घाईते भएमा वा उपचार गर्न पर्ने गरी घाईते भएको अवस्थामा र वन्यजन्तुको आक्रमणमा परी वस्तुभाउको मृत्यु भएमा एवम् खाद्यान्य वाली क्षति भएमा वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग सम्बन्धी निर्देशिका २०६९ बमोजिम निम्न राहत रकम उपलब्ध व्यवस्था उल्लेख छ ।

मानविय क्षतिको लागि

- सामान्य घाईते : रु. १०,०००।-
- सख्त घाईते : रु. १,००००००।-
- मृत्य भएमा आश्रित परिवारका लागि : ५,००,०००।-

पशुधन क्षतिको लागि : वयस्क भैंसी वा जोत्ने उमेरको राँगो वा गोरु वा उन्नत जातको गाई वा साँडेको मृत्यु भएमा रु. ३०,०००।- सम्म र अन्य पशुको लागि बढीमा रु. १०,०००।- सम्म दिने व्यवस्था छ। तर पशुधन बीमा गरेको अवस्थामा बीमा रकम कटाएर राहत उपलब्ध गराईने छ।

घर/गोठ क्षति : घर/गोठ मर्मत गर्न मूल्याकन गरीबढीमा रु. १०,०००।-

भकारीमा भण्डारण गरेको अन्नवाली : भकारीमा भण्डारण गरेको अन्नवालीको मूल्याकन गरी बढीमा रु. १०,०००।-

खाद्यान्न तथा फलफूल बालीको क्षतिको लागि : सम्बन्धित उपभोक्ता समिति, गा.वि.स/नगरपालिका तथा जि.व.का. समेतको प्रतिनिधिको क्षति सम्बन्धि प्रतिवेदन साथै सिफारिस लिई बढीमा रु. १०,०००।- सम्म राहत उपलब्ध गराउने।

राहत सहयोग माग गर्ने व्यक्तिले घटना घटेको मितिले ६० दिन भित्र सम्बन्धित रा.नि. वा आरक्ष वा जिल्ला वन कार्यालय समक्ष आवश्यक प्रक्रिया एवम् कागजातहरु संलग्न गरी निवेदन दिनु पर्छ।

वन्यजन्तुबाट हुने क्षति भन्नाले हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँचितुवा, जंगली बंदेल, ध्वाँसे चितुवा, ब्वाँसो, जंगली कुकुर र अर्नाबाट हुने मानवीय क्षति, पशुधनको क्षति, भण्डारण गरेको अन्नको क्षति, घर गोठको क्षति र खाद्यान्न बाली (उखु र व्यवसायीक केरा खेती समेत) को क्षति समेतलाई जनाउँछ। ❑



Want to shoot animals ?
...use cameras !

वातावरण र वन

कृतिका धिताल
पृथ्वी नारायण उ.मा.वि., तारकेश्वर

चारैतिर फैलिएको हावा पुथ्वीको,
भन्छौं हामी यसैलाई वातावरण भनेको।
प्रकृतिले दिएको अनुपम भण्डार यो,
बनेको छ हाम्रो लागी अमृत सरह यो।

चारैतिर फैलिएका हरियाली वन,
चिसो चिसो हावाले छुन्छ मेरो मन।
कटुस, उत्तिस, साल अनि लालीगुराँस,
धानेको छ आज यो नेपालीको सास।

राख्ने गर्छन मानिसलाई उत्तम श्रेणीमा,
बुझ्दैनन् त्यहि मानिस वातावरणको बारेमा।
खोचबाट निस्किएको शुद्ध पिउने पानी,
दिसा, पिसाब, फोहर गर्छन् त्यहीं मानव जाती।

आफ्नो खुट्टामा आफै बन्चरो हानेका छन्,
मानिस आफैले यसलाई धमिल्याएका छन्।
घर कलकारखाना बनाउने र खोल्ने निउमा,
गर्छन् फडानी वनको, हाने झैं प्रकृतिको जिउमा।

बनाइदिए वातावरण सफा र स्वच्छ,
दिनेगर्छ यसले हामीलाई हावा प्रशस्त।
म एक हैन हामी सबै मिली वातावरण बनाउ,
हरेक जन्म दिनमा वातावरण दिवस मनाउ॥



Don't make Zoology History !

वातावरणको सम्बन्धमा



कोपिला ढुगांना
कक्षा- १०
श्री पृथ्वीनारायण उ.मा.वि. तारकेश्वर न.पा.

सजिव र निर्जीव वस्तुको समिश्रणलाई नै वातावरण भनिन्छ । यही वातावरणमा चाहे सजीव होस् वा निर्जीव सबै मिलेर रहनै पर्छ । हरेक सजीवले वातावरणमै उत्पत्ति भएर यहीं आफ्नो प्रभुत्व जमाएर यस वातावरणबाट बिदा लिनै पर्छ । वातावरणका सदस्यहरु मध्येको सर्वश्रेष्ठ प्राणी भने मानिस हो ।

वातावरणमा मानिस लगायत वनस्पति, पशुपन्छी जस्ता करौडौं जीवात्माका साथै निर्जीव वस्तुहरु पनि छन् । नेपालको वतावरणमा भौगोलिक विविधता छ । यसको प्राकृतिक भुबनौट र स्वरुपमा भिन्नता रहेको छ । नेपालकै हिमाली वातावरणको क्षेत्रमा ढकमक्क लालीगुराँसको मनमोहक दृश्य नियाल्दै हाँसीरहेका सेतो हिमालहरु पहाडको वातावरणमा पनि संयोग तथा वियोगका भाकाहरु गुन्गुनाइ रहेछन् न्याउली र कोहिलीहरु । जब जब तराईको वातावरण नियाल्न खोज्छौं । साच्चैनै त्यहाँ हामी एक विलक्षण प्रकृतिको वातावरण पाउछौं । चारकोसे झाडिमा मृग दौडिरहेको छ । अनि हात्ती लम्किरहेको छ । यिनै प्रकृतिले नेपाललाई विछट्टै राम्रो बनाएको हिमाल, नदी, ताल-तलैया, पहाड पर्वत तथा वन जंगलहरुले यहाँको शोभा बढाएकै कारण हामी सम्पूर्ण देशवासी जनतालाई वातावरणको ठुलो महत्व छ । वातावरणले सजीवको जीवन प्रकृयामा ठुलो भूमिका खेलेको हुन्छ । वातावरणमा कृषिजन्य, पशुजन्य र वनस्पतिजन्य उत्पादन गरेर हामी हाम्रो आवश्यकता पुरा गर्न सक्छौं । जीवजन्तुको मुख्य वासस्थान वातावरणमै रहेको वनजंगल हो । यिनै जीवजन्तु हेर्न विश्वका कयौं कुनाबाट पर्यटकहरु आएका हुन्छन् । यसबाट हामीले पर्यटन विकास गरेर आर्थिक लाभ समेत लिन सक्छौं ।

यदि कुनै जीवजन्तुहरुको अस्तित्व जोगिन्छ भने त्यो सिर्फ वातावरणमा नै सम्भव छ । प्राकृतिक परिस्थितिक प्रणाली सन्तुलनका निम्ति हामीले वातावरण संरक्षण गर्नु अति आवश्यक छ । पारिस्थितिक प्रणाली सन्तुलन कायम गराउन, तापक्रम सन्तुलन राख्न, माटोको उर्वराशक्ति कायम गर्न र विभिन्न अनुसन्धान र अध्ययन गर्नका निम्ति पनि आज वातावरण संरक्षण गर्न महत्वपूर्ण आवश्यकता बनेको छ । त्यसैले भएका स्रोतको दीर्घकालीन सरंक्षण गर्न, प्राकृतिक प्रक्रिया सन्तुलन राख्न र आर्थिक तथा सामाजिक विकास गर्न वातावरण संरक्षणको आवश्यकता रहेको छ ।

अन्त्यमा वातावरण जोगाउनु हामी सबैको कर्तव्य हो । बढ्दै गइरहेको प्रदूषणको कारणले हाम्रो वातावरणको अस्तित्व एकदिन नाश भएर जान सक्ने हुनाले वर्तमान अवस्थामा वातावरण सरंक्षण र संर्वधन गर्न सकेनौं भने हाम्रो पनि अस्तित्व समाप्त हुन सक्छ । ❑



Removing "life" from wildlife proves that you are "wild".



I would rather go naked than wear a fur and leather.

Importance of Forest



Ogen Lama
Class-6
Angels' Heart H.S. School, Manamaiju

Forest is the area covered by trees, our life on the earth is almost impossible without forest. Forest serves many purposes. It holds together the soil and prevents or minimizes the soil erosion. Plants during photosynthesis, absorb carbon dioxide and release oxygen for animals to breathe. Vegetable mound that forest supplies increases the fertility of the soil. Forest provides shelter for animals and birds. Industries like paper, rayon, matches etc. are depending on forest. Forest are a source of essential oil and medicinal herbs. Spruce and fur are used for making airplane and glider parts. Ash and mulberry woods are used for making many sports goods.

However, the forest area is decreasing day by day to various reasons. People have been cutting down forests in the name of development activities. As forest is a direct source of wealth, health and our existence, it must be protected for our future.

Some of the steps which should be taken to protect forest include afforestation and development of wasteland, reforestation and plantation in exiting forest. Similarly, restriction on grazing, encouragement for wood substitutes and supply of other kinds of fuel can help to protect forest.

WILDLIFE



Sumit Shahi
Class-10
North Valley English Secondary School

Wildlife is a term that refers to animals that are not normally domesticated. They are a living resource and important in ecosystem. Wildlife plays an important role in balancing the environment and provides stability to different natural processes of nature. It can be found in different ecosystem, Nepal is rich in biodiversity thus we have to save our nature in order to save or wildlife.

Importance of wildlife is mentioned as follows:

- **Ecological Value:** maintains ecological 'balance of nature' and maintains food chain and nature cycles.
- **Economic Value:** National parks and zoo earning by visitors.
- **Recreational Value :** bird watching, photography, hiking, camping, boating
- **Scientific Value:** availability of large gene pool for the scientists to carry out breeding program in agriculture, animal husbandry and fishery.
- **Social Value:** worshiping and believing in different occasion.
- **Aesthetical Value:** enjoying of wildlife's beauty and pleasure.

Wildlife conservation encompasses all human activities and efforts directed to preserve wild animals from extinction it involves both protection and scientific management of wild species. Wildlife and nature have largely being associated which humans for numerous ecological and social reasons. Wildlife plays an essential role in the ecological and biological processes that are yet again significant to life. The normal functioning of the biosphere depends on endless interaction among animals, plants and micro organism. Wildlife has occupied a special place of veneration and preservation in various cultures of the world. ❑



The Koshi-Tappu Wildlife Reserve:
Bird Watcher's Paradise

Prajin Shrestha
Class-10
North Valley English Secondary School

The Koshi Tappu wildlife Reserve is a protected area in the Terai of eastern Nepal. This Reserve was established in the year 2032 B. S.(1975 A.D.) to conserve and promote the habitat of the wild and water buffaloes (Arna) and to increase their population by protecting the habitat. Koshi tappu wild life is also recognized both as birdwatchers's paradise and wetland site from 1987.

This reserve lies on the fold plain of the Koshi River. It has covered the area of 175 sq.km. It lies in Sunsari district of koshi Zone and on the island of the Saptkoshi river in Saptari and Udayapur district of Sgarmatha zone in the eastern development region. The saptkoshi both in the eastern and western side has surrounded this reserve. It ranges from 75 to 81 meters in altitudes. The vegetation of the KoshiTappu reserve is mainly characterized by mixed deciduous riverine forest,grasslands and marshy vegetation. This reserve consists is about 68% grasslands, about 6 percent forest.

This reserves is an excellent habitat for birds like swamp Frankolin, Black-necked strok, Lesser Adjutant, Indian courser, Ruddy crake, cotton pigmy goose, Baer's Pochard, Greater painted snipe, Phesant-tailed jacana,yellow – wattled lapwing, Imperial eagle, white tailed eagle etc. Some birds of here are not seen and found other part of Nepal. Generally, There are about 514 species of birds species recorded in this reserve. The reserve has Sesum and Khayaer and Kharpatar grass jungle. Some of them come by flying from Siberia during winter. Different species of ducks eg. Comb duck, Faloated duck , herons, stroks, egrets, ibis can be found and seen on the river bank of this reserve. Near about 31 species of mammals are recorded like Asiatic elephant, wildbufalo, spotted dear, Jackal, wild boar, hog deer and blue bull (laguna) are found in this reserve. Gaur, Blue Bull, Wild buffalo has declined its numbers.

Similarly, two types of Lalsar, many other species of birds such as cranes, stroks,egrets,herons and other aquatic birds live in this reserves. Among the aquatic animals, Gharial crocodiles, endangered Gangetic dolphin and alligators are other attraction. About 200 species of fish have been found here in its water resources and ponds. Two types of toad species , nine types of frog species, six types of lizard, five types snakes and 11 different types of fruits species are recorded in this reserve. The best time to visit Koshi tappu reserve is between October to April. ❑



नेपालका संरक्षित बिरालो प्रजातिका मांसाहारी जंगली जनावर



Pravin Kumar Ray
RK English School, Pakali, Sunsari

चरिबाघ, Leopard Cat
Prionailurus bengalensis

चरिबाघ चितुवा जस्तो तर वन बिरालो भन्दा पनि सानो बिरालो प्रजातिको मांसाहारी जनावर हो । यसको पहेंलो मखमली रङ्गको शरीरमा प्रष्ट देखिने काला थोप्ला र टाटाहरू हुन्छन् जुन काँधतिर गएर दुईवटा चौडा धर्काहरूसंग मिलेका हुन्छन । पुच्छरमा काला थोप्लाहरु हुन्छन्, यसको पेटको तलतिरको भाग सेतो हुन्छ। यसको आकार घरपालुवा बिरालोको आकारको जस्तो हुने भएपनि यसको खुट्टा भने लामा हुन्छन् । यसको शरीरमा हुने बुट्टाहरू तथा रौंको रङ्ग भौगोलिक तथा हावापानीको विविधता साथै उपजातीय भिन्नताहरू सँगसँगै फरक फरक पाइएका छन् ।



यो सालको वन र उष्णदेखि उपोष्ण वनहरूमा बस्न रुचाउँछ । राति सक्रिय हुने रुखको टोड्का धोद्रामा बस्न रुचाउने यसको आहारा चरा तथा ससाना जनावार, कुखुरा, परेवा, हाँस आदि हो । घाँसे मैदान, झाडी, तथा बुट्यानका साथै आर्द पतझर जंगलमा पाइन्छ । यो प्रजाति शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज, खप्तड, रारा राष्ट्रिय निकुञ्ज, शुक्लाफाँट वन्यजन्तु आरक्ष, मनास्लु संरक्षण क्षेत्र, कञ्चनजङ्घा संरक्षण क्षेत्रमा पाइन्छ । यो साइटिसको अनुसूचि २ र आइयूसिएन रेड बुकमा कम चासो भएको वर्गीकरणमा रहेको छ ।

हिउँ चितुवा Snow Leopard
Panthera uncial

सुन्दर सामान्य चितुवा भन्दा केहि सानो बाक्लो, लामा रौंले ढाकिएको खुट्टा तथा अनुहारमा साना काला थोप्ला हुन्छन भने बाँकी शरीरमा ठूला काला र पँहेला थोप्ला हुन्छन । यसको गर्दन देखि पुच्छरसम्म मेरुदण्डमा बाक्लो कालो धर्काहरू हुन्छन् । ठूलो टाउको, लामो पुच्छर एवं पन्जाहरु निकै ठूलो हुने हुनाले आफुभन्दा ठूलो शरीर भएको चौंरी गाईको पनि शिकार गर्दछ । हाल यो एशियाको १२ मुलुकमा मात्र पाइने दावी गरिएको छ । नेपालको सन्दर्भमा जहाँ नाउर हुन्छ, त्यही हिउँ चितुवाको बास हुन्छ । यो नेपालको सगरमाथा राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज, शे-फोक्सुण्डो, मकालु वरुण राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्ष, अन्नपुर्ण संरक्षण क्षेत्र, मनास्लु संरक्षण संरक्षण क्षेत्र, कञ्चनजङ्घा संरक्षण क्षेत्र, गौरीशंकर संरक्षण क्षेत्र, अपि नाम्पा संरक्षण क्षेत्रमा रहेको पाइन्छ । यो साइटिसको अनुसूचि १ र आइयूसिएन रेड बुकमा संकटापन्न वर्गीकरणमा रहेको छ ।



ध्वाँसे चितुवा Clouded Leopard
Neoflis nebulosa

ध्वाँसे चितुवा एक मध्यम आकारको तराईदेखि हिमाली क्षेत्रमापाइने लामो पुच्छर, छोटा खुट्टा तथा लामा कुकुर दाँत स्तनधारी जनावर हो । यसका कानहरू काला हुन्छन् । खैरो वा गेरु पंहेलो शरीरमा ईटा आकारका ध्वाँसे रंगका टाटा हुन्छन खुट्टा र टाउकोमा पनि ध्वाँसे रङ्गकै साना साना थोप्ला हुन्छ एवं गर्दन र गालामा चौडा तेर्सा धर्साहरु हुन्छन । पुच्छरमा गोलाकार पट्टीहरु हुन्छन् ।



रुखमा बस्न मन पराउने तथा बच्चालाई रुखको टोड्कामा राख्ने बिरालो प्रजातिले गरेजस्तो दिसा गरेपछि खोस्रने अनि कुनै चिन्ह छाड्दैन । यो नेपालमा लाङटाङ राष्ट्रिय निकुञ्ज, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, अपि नाम्पा संरक्षण क्षेत्र रहेको पाइन्छ । यो साइटिसको अनुसूचि १ र आइयूसिएन रेड बुकमा वर्गीकरण सम्वेदनशील वर्गीकरणमा रहेको छ ।

पाटे बाघ, Royal Bengal Tiger
Pantehra tigris

संसारमा पाइने ५ प्रकारका बाघ मध्ये नेपालमा पाइने बाघलाई पाटे बाघ भनिन्छ । यसको पहँलो रङ्गको शरीरमा कालो रङ्गका पाटाहरू ढाडबाट तलतिर झरेको हुन्छन भने पुच्छरमा काला कल्ली जस्ता छाप हुन्छन, पेटमा सेतो रंगको भुत्ला हुन्छन् । यो जनावर बिरालो परिवारमा पर्ने दोस्रो ठूलो बिरालो हो । यसको लामो शरीर छोटो घांटी, कसिलो टाउको र फराकिलो निधार हुन्छ भने पहेंलो रङ्गको पृष्ठभूमि भएको छालामा काला पाटाहरू तथा केही थोप्लाहरू पनि हुन्छन । यसको शरीर निकै बलियो हुन्छ । यसका बलिया बंगारा पनि विकसित भएका हुन्छन् । हिन्दु धर्म ग्रन्थमा दुर्गाको वाहनको रुपमा लिइन्छ । नेपालको रु. ५०० को नोटमा बाघ र बघिनीको चित्र अंकित छ ।



बाघले आफ्नो सिमाना पन्जाले कोरेर, खोस्रेर, पिसाव गरेर र समय समयमा घुमेर जनाउने गर्दछ । कतै कतै रुखमा समेत नंग्रा सहित कोरेको पाइन्छ । एउटा बघिनीले २० देखि २५ ब.कि.मि. तथा बाघले यो भन्दा करिव दोब्बर क्षेत्रमा आफ्नो हिस्सा जमाउँछ । यो प्रजाति हाल चितवन राष्ट्रिय निकुञ्ज, पर्सा वन्यजन्तु आरक्ष, बाँके राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा वन्यजन्तु आरक्षमा पाइन्छ । यो साइटिसको अनुसूचि १ र आइयूसिएन रेड बुकमा संकटापन्न वर्गीकरणमा रहेको छ । ❑

Animals gone, Trees gone, Human gone !

Quotes Collections



Quotes about
Wildlife Conservation

Bishram Paudyal
Class-5 G_2
Galaxy Public School, Gyaneshwor

"I believe that if children fall in love with wildlife they will grow up wanting to protect it."
-Imogen Taylor

"If we can teach people about wildlife, they will be touched. Share my wildlife with me. Because humans want to save things that they love."
-Steve Irwin

"Humans seem to have an innate drive to master other creatures." *-Paul Greenberg,*

"Only when the last of the animals horns, tusks, skin and bones have been sold, will mankind realize that money can never buy back our wildlife"
-Paul Oxton

"If we can teach people about wildlife, they will be touched. Share my wildlife with me. Because humans want to save things that they love."
-Steve Irwin

"That's what people do when they find a special place that wild and full of life, they trample it to death." *-Carl Hiaasen,*

The smaller the creature, the bolder its spirit."
-Suzy Kassem

"Wild animals are less wild and more human than many humans of this world" *-Munia Khan*

"we won't have a society if we destroy the environment" *-Margaret Mead*

"Plans to protect air and water, wilderness and wildlife are in fact plans to protect man"
-Stewart Udall

"Look deep into nature, and then you will understand everything better" *-Albert Einstein*

जैविक विविधतामाथि विषादीको असर



Deepa Karki
Diploma in Forestry
Kathmandu Forestry College

सन् १९६२ मा अमेरिकी जीवशास्त्री राचेल कार्सनले 'द साइलेन्ट स्प्रिङ' पुस्तकमा रासायनिक विषादीहरुले पुऱ्याउने खतरनाक प्रभावका बारेमा उल्लेख गरिए अनुसार रु १०० को विषादीले रु ५०० देखि रु ११०० बराबरको नोक्सानी पुऱ्याउँछ । विषादीको पर्सिस्टेन्ट अर्थात लामो समयसम्म जम्मा भइरहने गुणले गर्दा खाद्य चत्र मार्फत साथै मल्टि नेशनल कम्पनीले वितरण गर्ने विभिन्न खाद्यन्नहरु मार्फत एक देशबाट अर्का देशमा वितरण हुने भएकाले त्यस्ता विषादीलाई विश्व पयर्टक (world traveler) पनि भनिएको छ । कृषि प्रणालीलाई आधुनिकीकरण गर्ने प्रक्रियासँगै रासायनिक विषादीहरुको प्रयोग गर्ने कार्यको शुरुवात विकासोन्मुख मुलुकहरुबाटै भएको बुझिन्छ । नेपालको सन्दर्भमा चाहिँ प्रथमपटक सन् १९५२ नोभेम्वरतिर औलो नियन्त्रणको लागि भनी डी.डी.टी. आयत गरिएको थियो ।

रासायनिक विषादीको प्रयोगबाट मानव स्वास्थ्यमा पर्ने अल्पकालीन असर जस्तैः टाउको दुख्नु, रिंगटा आउनु, वाकवाकी लाग्नु, झमझम हुनु, छाला फुटनु/चिलाउनु/फोका आउनु, पसिना आउनु, आँखा रातो हुनु/पोल्नु/आशु बग्नु, नाक पोल्नु पातलो सिंगान बगिरहनु, छाती दुख्नु, पेट बटारिनु, दिशा पखाला लाग्नु, अनिद्रा, आदि) छन् भने दीर्घकालीन असरहरुमा एलर्जी, पक्षघात, प्रजनन क्षमतामा कमी वा बाँझोपन/नपुंशकता, श्वासप्रश्वास सम्बन्धी रोगहरु मानसिक असन्तुलन, वंशानुगत परिवर्तन (mutation) आदि लगायत क्यान्सर/ट्युमर जस्ता भयानक रोगहरु पनि निम्त्याउने पाइएको छ। बिषादीको प्रयोगले लक्षित नगरिएका उपयोगी जीवहरु जस्तैः शिकारी किरा, परजीवी किरा, लाभदायक सुक्ष्म जीवहरुलाई तथा जंगली जनावर, चराहरु एवं घरपालुवा जनावरको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्दछ। कुनै पनि बालीमा प्रयोग गरिएको करिब ८० प्रतिशत जीवनाशक विषादी, साधारणतया माटोमा थिग्रिन पुग्ने हुनाले त्यस्ता विषादी निस्क्रिय हुन निकै समय लाग्छ । यसबाट माटोमा रहेका सुक्ष्म जीवाणुहरूलाई असर पुग्नुको साथै भूमिगत जलस्रोत, खाल्डो र खोलामा विष प्रदुषण हुने खतरा बढ्न जान्छ जसले गर्दा पानीमा बस्ने माछा लगायत अन्य जीवलाई असर गर्दछ । विषादीको प्रयोगले खाद्यान्न, तरकारी, फलफुल, मासु तथा दूग्ध पदार्थमा विषादीको अवशेष रहन्छ जसले गर्दा उत्पादित कृषि उपज कम गुणस्तरको हुन्छ। विषादीको लामो समयसम्म निरन्तर प्रयोग गर्नाले रोग र किराले ती विषादीलाई पचाउने क्षमताको विकास गर्छन् त्यसपछि त्यस्ता रोग र किराको नियन्त्रण नै गर्न नसक्ने स्थितिको सिर्जना हुन्छ । महत्वहीन शत्रुजीव महत्वपूर्ण शत्रुजीवमा रुपान्तरित भई कृषि उत्पादनको लागत बढ्छ । किराहरुको पुनरुथान (pest out break) हुन सक्दछ । लगातार विषादीको प्रयोग गर्ने व्यक्तिमा विषादीहरूको प्रभावबाट मानव भ्रुणको वृद्धिमा क्षति पुग्नुका साथै क्यान्सर जस्तो घातक रोग लाग्न सक्ने कुरा विज्ञहरू बताउँछन् । भण्डारण गरी राखिएको बीउँ खाएमा विस्तारै वा लामो समयपछि विषादीको असर देखा पर्न सक्छ । दूध दिने गाईवस्तुहरूको तथा खसी, बाखाको शरीरमा विषादीको प्रयोग कुनै कारणले भएमा वा खाएमा विषादी लामो सयमसम्म जम्मा भइरहेनले गर्दा तिनीहरूबाट पाइने मासु तथा दुध र तिनीहरूबाट उत्पादित परिकारहरूमा समेत विषादीको असर रहन्छ त्यसैले त्यसको उपभोग गर्दा मानवीय स्वास्थ्यमा समेत गम्भीर असर पर्दछ ।

विषादीको प्रयोगबाट सकरात्मक भन्दा बढी नकारात्मक प्रभावलाई दृष्टिगत गर्दा विषादी विष नै हो यसलाई औषधिको रुपमा व्यवहार गर्न सकिदैन् । विषादीहरुको प्रयोगका सम्बन्धमा किसानलाई मात्र दोष दिएर उम्कन मिल्दैन यसको रोकथामको एवम् दुरुपयोग रोक्न नागरिक समाज र सरकार जिम्मेवार हुनैपर्छ। जैविक विषादीको प्रयोगबाट ढिलो असर देखाउने भएतापनि परम्परागत तरिकाले उपयोग गर्न सकिने वनस्पतिजन्य जैविक विषादी तथा घरेलु उपायहरु पनि अवलम्बन गर्दै एकीकृत पेष्ट व्यवस्थापनामा जोड दिनुपर्दछ । ❑

AWARENESS PROGRAM



SOS Balgram, Bhaktapur



Budhanilkantha School, Budhanilkantha



Gramsewa H.S. School, Dharmasthali



Okhareni H.S. School, Sundarijal



Radhakrishna English School, Itahari Municipality, Sunsari



Pakali H.S. School, Pakali, Sunsari



Prithvi Narayan H.S. School, Tarkeshwor



Aagaman Academy, Balaju



Denish Lamichhane
Prithvi Narayan H.S. School



Chandra Bahadur Tamang
Class: 10, Prithvi Narayan H.S. School



Diwas Magar
Class 8 : Prithvi Narayan H.S. School